स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राईले खोला, नदी किनारका सुकुमवासी बस्तीमा डोजर लगाउने सरकारी कार्यप्रति घुमाउरो ढंगले असहमति व्यक्त गरेका छन्। सामाजिक र राष्ट्रिय राजनीतिका मुद्दामा मौनप्राय: देखिने अभिनेता राईले यो घटनाक्रममा धारणा राखेका हुन्। सामाजिक सञ्जालमा राई लेख्छन्, " जस्तो कि यहाँ , सम्पति त लुकाउन सकिने रहेछ। गरिबी पो लुकाउन सकिँदो रहेनछ !!"

आजको विचार...



प्रत्यक्ष...
(दुई पेजमा)

डा. शन्तोष सापकोटा



नेपालमा फिल्म रिलिजका लागि सबैभन्दा उपयुक्त समय दशैंलाई मानिन्छ। लामो विदा र दर्शक "फेस्टिभ मुड"मा हुने भएकाले दशैंमा राम्रो व्यापार हुने विश्वास निर्माताहरुमा छ। यसैले वर्षेनि दशैंमा फिल्म रिलिज गर्न ठूलै रस्साकस्सी हुने गरेको छ। केही वर्षयता दशैंको अवसरमा दुईभन्दा बढी फिल्म रिलिज हुँदै आएका छन्। यस वर्ष पनि त्यही अवस्था दोहोरिने देखिएको छ। अहिलेसम्म यसपालिको दशैंमा "१२ गाउँ २", "छ माया छपक्कै २" फिल्म प्रदर्शनमा आउने तयारीमा छ।

❒ वर्ष ३१ ❒ अंक २७५ ❒ २०८३ बैशाख २१ गते सोमबार 4 May 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### बाढीका कारण कम्तीमा १० को मृत्यु

(रासस/सिन्ह्वा)

**नैरोबी,** वैशाख २०/केन्यामा लगातार परेको भारी वर्षाका कारण आएको आकस्मिक बाढीले यस हप्ता कम्तीमा १० जनाको ज्यान लिएको पुष्टि त्यहाँको प्रहरीले गरेको छ । राष्ट्रिय प्रहरी सेवाका अनुसार अधिकांश मानवीय क्षति देशको पूर्वी क्षेत्रमा भएको छ, जहाँ बाढीका कारण सडकहरू अवरुद्ध भएका छन् र ठूलो सङ्ख्यामा मानिसहरू विस्थापित भएका छन् । यसले धेरै समुदायहरूलाई गम्भीर समस्यामा पारेको छ । प्रहरीद्वारा जारी विज्ञप्तिअनुसार हालसम्म १० जनाको मृत्यु भएको पुष्टि गरिएको छ, जसमा सबैभन्दा धेरै–७ जनाको मृत्यु–पूर्वी क्षेत्रमा भएको जनाइएको छ । बाढीका कारण दुई महत्वपूर्ण पुलहरू भत्किँदा तटीय तथा पूर्वी क्षेत्रहरूमा यातायात र सामान ढुवानीमा गम्भीर अवरोध उत्पन्न भएको छ । अधिकारीहरूले विशेष गरी जोखिमयुक्त तथा प्रभावित क्षेत्रमा बसोबास गर्ने नागरिकहरूलाई सतर्क रहन, बाढीग्रस्त क्षेत्रहरूबाट टाढा रहन र स्थानीय निकायका सूचनाहरू पालना गर्न आग्रह गरेका छन् । यसअघि मार्च महिनामा पनि केन्यामा आएको बाढीका कारण कम्तीमा ११२ जनाको मृत्यु भएको थियो । विज्ञहरूले जलवायु परिवर्तनका कारण यस्ता प्राकृतिक विपद्हरूको जोखिम बढ्दै गएको बताएका छन् ।

# सवारी दुर्घटना : चार वर्षमा तीन सय बढीको मृत्यु

नारायणी रजौरे/रासस

**दाङ,** वैशाख २०/गत चैत ५ गते बेलुका ७:०० बजे तुलसीपुर उपमहानगरपालिका-९ दुधेनाको चमिखोलामा टिपरको ठक्करबाट स्कुटरमा सवार एक जना महिलाको मृत्यु भयो । तुलसीपुर-हापुरे सडकखण्डमा पर्ने सो ठाउँमा रा १ ख २३०८ नम्बरको टिपरले रा ७ प ६३३१ नम्बरको स्कुटरलाई ठक्कर दिँदा तुलसीपुर-९ निवासी ४९ वर्षीया पुष्पा कँडेलको घटनास्थलमै मृत्यु भएको थियो ।

गत चैत ३ गते गढवा गाउँपालिका-५ बाँकीगाउँमा बाटोमा रोकिएको रा ६ प १७६९ नम्बरको मोटरसाइकल रा १ त ३४२९ नम्बरको ट्याक्टरसँग ठोक्किँदा सोही ठाउँका ४२ वर्षीय भानु रिजालको घटनास्थलमै मृत्यु भयो । यी दुई घटनामा जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धानले दुर्घटनाको मुख्य कारण चालकले तीव्र गतिमा सवारी चलाउनु रहेको जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी उपरीक्षक दीपक




श्रेष्ठले बताए । दुर्घटनासम्बन्धी यी उदाहरण मात्र हुन् । जिल्लामा हुने सवारी दुर्घटनाका कारण नागरिकले अकालमै ज्यान गुमाएका सयौँ उदाहरण छन् । यस्ता दुर्घटना दोहोरिन नदिन र दुर्घटना न्यूनीकरणका लागि प्रहरीले नागरिकसँग समन्वय गरी दुर्घटना न्यूनीकरणमा सक्रियताका काम गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्रेष्ठले बताए । उनका अनुसार सडक सुरक्षा तथा ट्राफिक नियम सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यहाँका बजारमा ट्राफिक व्यवस्थापनमा प्रहरीले सक्रियता बढाएको छ । सडक वारपार गर्ने पैदलयात्रुलाई सडक कट्दा अपनाउनुपर्ने विषयमा सचेतना उपलब्ध गराइँदै आइएको ट्राफिक प्रहरी कार्यालय दाङले जनाएको छ । कार्यालयका अनुसार चालकका लागि नि:शुल्क स्वास्थ्य परीक्षण तथा आँखा जाँच कार्यक्रम सञ्चालन भइरहेका छन् । बजार क्षेत्रमा 'जेब्राक्रसिङ' बनाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी निरीक्षक उपेन्द्रबहादुर बमले बताए । जिल्लामा सवारी दुर्घटनाका घटना दिनहुँजसो घटिरहेका छन् । जिल्लामा चालु आर्थिक वर्षको साउनदेखि वैशाख पहिलो सातासम्म २७३ वटा सवारी दुर्घटना हुँदा ६० जनाको ज्यान गएको प्रहरी निरीक्षक बमले जानकारी दिए । उनका अनुसार ज्यान गुमाउनेमा ४१ पुरुष, १७ महिला र दुई जना बालक छन् । ट्राफिक प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार ती दुर्घटनामा परी १७१ जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा ३९९ सवारीसाधन संलग्न छन् । तीमध्ये सबैभन्दा बढी दुर्घटना हुने सवारीसाधनमा मोटरसाइकल २२६, टेम्पो ४२, बस १४, जीप तथा कार ४२, ट्याक्टर १२ रहेका छन् । गत आव २०८१/८२ मा तीन सय ६२ सवारी दुर्घटना हुँदा ८१ जनाको मृत्यु भएको प्रहरी निरीक्षक बमले जानकारी दिए । सो अवधिमा ३६२ सवारी दुर्घटनामा परी २५८ गम्भीर घाइते भएका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

# सवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता



**पाल्पा,** वैशाख २०/ राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता पठाएका छन् । उनले यसअघि संघीय संसद्का दुवै सदनले पारित गरेको विधेयक बहुमतीय प्रणालीको अनुकूल नभएको भन्दै फिर्ता गरेका थिए । अहिले पनि त्यस्तै खालको अध्यादेश आएपछि पुनर्विचारका लागि फिर्ता गरेका हुन् । नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि २०८२ साल असार २५ मा राष्ट्रपतिसमक्ष पेस भएकामा सन्देशसहित उक्त विधेयक मन्त्रिपरिषद्मा फिर्ता पठाइएको जनाउँदै राष्ट्रपति कार्यालयले तत्कालीन मन्त्रिपरिषद्को २०८२ साल मङ्सिर २ गतेको निर्णयअनुसार प्राप्त भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी नभएको स्मरण गराएको छ । यही वैशाख १४ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम सिफारिस भई आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न मन्त्रिपरिषदमा पठाइएको उक्त कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । राष्ट्रपति पौडेलले संविधान अनुसार बहुमतले निर्णय गर्ने व्यवस्था कुनै पनि कानुनले खण्डित हुन नहुने अडान विगतमा लिँदै आएका थिए । अहिले पनि सरकारले अध्यादेश ६ सदस्यीय संवैधानिक परिषद्मा ३ जनाले नै निर्णय गर्न सक्ने प्रावधान राखेर आएपछि राष्ट्रपतिले फिर्ता गरेका हुन् ।

# प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा वृद्धि

**पाल्पा,** वैशाख २०/विश्वभर प्रत्येक वर्ष मे ३ तारिखमा मनाइने विश्व प्रेस स्वतन्त्रता दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । प्रेस स्वतन्त्रताको महत्वलाई स्मरण गर्ने, पत्रकारहरूको योगदानलाई सम्मान गर्ने र अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्ने उद्देश्यले नेपाल पत्रकार महासंघले यो दिवस मनाएको हो ।

दिवसको सान्दर्भिकता बढ्दै गए पनि प्रेस स्वतन्त्रता उल्लैनका घटनामा वृद्धि भएको छ । नेपाल पत्रकार महासंघका अनुसार मे ४ सन् २०२५ देखि ३० अप्रिल २०२६ सम्म गरिएको अध्ययन विवरणमा १३१ वटा प्रेस स्वतन्त्रता हननका घटना भएका छन् । गत वर्ष सोही अवधिमा ७३ वटा यस्ता घटना भएका थिए । महासंघका अध्यक्ष निर्मला शर्माले तुलनात्मक विश्लेषण गर्दा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटना बढिरहेको



पाइएको बताइन् । महासंघको सञ्चार अनुगमन एकाइले गरेको अध्ययनअनुसार १३१ घटनामध्ये पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका ५१, पत्रकार तथा सञ्चार सामग्रीमाथि आक्रमणका ३०, पेसागत असुरक्षाका १८ र कब्जा तथा अवरोधका २६ वटा घटना रहेका छन् । यसैगरी नीतिगत बन्देजका तीन, पत्रकार पक्राउका दुई र पत्रकारको शङ्कास्पद मृत्युका एक घटना अभिलेख भएका छन् । गत भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा २६ वटा प्रेस स्वतन्त्रता हननका घटना हुँदा १०० भन्दा धेरै पत्रकार तथा सञ्चारगृह प्रत्यक्ष प्रभावित भएको महासंघको अध्ययनले देखाएको छ ।

**दिवसमा ऐक्यबद्धता पदयात्रा**

आइतबार विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा नेपाल पत्रकार महासंघले ऐक्यबद्धता पदयात्रा आयोजना गरेको थियो । 'शान्तिपूर्ण भविष्यको निर्माण: मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन' को नारासहित कार्यक्रम गरेको हो । सन् १९९१ मा नामिबियाको विन्डहोकमा आयोजित युनेस्कोको सेमिनारले जारी गरेको 'विन्डहोक घोषणापत्र'को स्मरण गर्दै सन् १९९३ देखि संयुक्त राष्ट्रसंघको महासभाले मे ३ लाई 'विश्व प्रेस स्वतन्त्रता दिवस'का रूपमा मनाउन थालेको हो । त्यसयता, हरेक वर्ष प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने उद्देश्यका साथ यो दिवस मनाइँदै आएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

## सम्पादकीय

# दिल खोलेर हाँसौं

हाँसो प्रकृतिको अनुपम उपहार हो । दिल खोलेर हाँस्दा यसले धेरै रोगका लागि औषधिको काम समेत गर्छ । त्यसैले बिहानको सुरुवात मुस्कुराएर गर्नुपर्छ । यसो गर्नाले दिन खुसीसाथ बित्नेछ । जब हामी दिल खोलेर हाँस्छौं, शरीरका भित्री अंगहरुको व्यायाम हुन्छ । रक्तप्रवाह राम्ररी हुन्छ ।

पछिल्लो समय मानिस जागिर, व्यवसाय राम्रो नहुँदा चिन्तित छन् । त्यसले गर्दा कयौं मानिसहरु मानसिक समस्याको शिखार भएका छन् । यस्तो अवस्थामा हास्नु राम्रो हो । हाँस्दा हाम्रो मन उमंगित हुन्छ । फुरुंग हुन्छ । हामी आसपासका वातावरण वा माहौल रमाइलो हुन्छ । हामीसँगै उभिएका वा दोस्रो व्यक्तिमा राम्रो प्रभाव पार्छ । हाँसोका माध्यमबाट विश्व शान्तिमा सकारात्मक योगदान र भ्रातृत्व तथा मित्रताको विश्वव्यापी चेतना फैलाउनकै लागि हरेक वर्ष मे महिनाको पहिलो आइतबार विश्व हाँसो दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस आइतबार मनाइएको छ ।

धेरैजसो समय मानिस चिन्ताग्रस्त, तनावग्रस्तरुमा हुन्छ । उसको दैनिकी धपेडीमा बित्छ । मनमा अनेक तर्कना खेल्छ । यही चक्करमा मानिस खुलेर हाँस्न सकेको देखिँदैन । अहिलेको अवस्थामा हाँसो दिवसको सान्दर्भिकता बढेर गएको छ । हाँसोले तनावका हार्मोनलाई घटाई स्वस्थ रहने रसायन बढाउनुको साथै मुटुको रक्षा गर्न सघाउने तथा दैनिक १० देखि १५ मिनेटसम्म हाँस्नाले तौल घटाउन पनि सहयोग पुग्ने विज्ञहरुको भनाइ छ । हाँसोले शारीरिक र मानसिक तनाव हटाउन मद्दत गर्नुका साथै प्रतिरोधी क्षमता बढाउन पनि सहयोग पुर्‍याउन्छ । मानसिक तनाव, रिस, घमण्ड, भोक, पीर तथा चिन्ता कम गर्ने तथा नकार्न प्रयोग गरिने अचुक औजार मुस्कान वा हाँसो सामाजिक जीवन तथा स्वास्थ्यका लागि अति उपयोगी मानिन्छ । जीवनमा सफलता र सुख मिल्यो भने मात्र स्वास्थ्य जीवन जिउन सकिन्छ । तसर्थ सधै दिल खोलेर हाँसौ,स्वस्थ रहौं ।

## Opinion @ Social Network

बुझ्ने मान्छेले त आँखाको भाषा पनि बुझ्छ
नबुझ्नेलाई त मनै पोखाउँदा पनि बहाना लाग्छ ।
*(पवित्रा खाम्चाको फेसबुक स्टाटसबाट www.facebook.com/Pabitra.Khamcha)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रत्यक्ष लोकतन्त्र कि प्रत्यक्ष भ्रम ?



**डा. शन्तोष सापकोटा**

पार्टी अनुशासनलाई जन-सार्वभौमसत्ताको औजार भनेर बेच्दा लोकतन्त्र बलियो हुँदैन, उल्टै लोकतन्त्रकै भाषा अलमलिन्छ । नेपालमा प्रत्यक्ष लोकतन्त्रको सबैभन्दा ठूलो समस्या यसको विरोध मात्र होइन, यसको अस्पष्ट समर्थन पनि हो । विरोधीहरू त यसलाई अस्थिरताको बाटो भनेर पन्छाउन खोज्छन्। समर्थकहरू भने कहिलेकाहीँ यसलाई यति अस्पष्ट रूपमा बेचिदिन्छन् कि जनताले अधिकार पाउँदैछन् कि केवल आकर्षक राजनीतिक शब्द सुन्दैछन् भन्ने छुट्याउनै कठिन हुन्छ । अहिले नेपालको राजनीतिक असन्तोषले नयाँ भाषा जन्माएको छ 'जवाफदेहिता, पारदर्शिता, प्रत्यक्ष सहभागिता, नयाँ राजनीति'। यी शब्दहरू प्रभावशाली भएका छन्, किनकि पुरानो राजनीतिक संरचनाले जनताको विश्वास गुमाएको छ । भ्रष्टाचार, संरक्षणवाद, पदलोलुपता, ढिलासुस्ती, गल्ती भएपनि पद नछाड्ने संस्कृति र दलगत संरक्षणको निरन्तर अभ्यासले नागरिकलाई थकित बनाएको छ। जनताले अब केवल चुनावका दिन आफूलाई सार्वभौम मानिने, तर चुनावपछि पाँच वर्षसम्म बिर्सिने लोकतन्त्रलाई सहज रूपमा स्वीकार्न छाडेका छन् । यही वातावरणमा राष्ट्रिय स्वतन्त्र पार्टी जस्ता नयाँ राजनीतिक शक्तिहरू उदाएका हुन् । उसले आफ्नो राजनीतिक उद्देश्यमा "राज्यको शासन व्यवस्थामा अस्वीकार गर्ने अधिकार, जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार, डिजिटल लोकतन्त्र, प्रारम्भिक निर्वाचन प्रणालीलगायत जनताको प्रत्यक्ष सहभागितामूलक व्यवस्था लागूगरी प्रत्यक्ष सहभागितामूलक लोकतन्त्रको प्रवर्धन गरिने" प्रतिबद्धता व्यक्त गरेको छ । यो भाषा आकर्षक छ । अझ भनौं, जनताको निराशालाई स्पर्श गर्ने भाषा हो । किनकि यसले त्यही कुरा भन्छ, जुन नागरिकले धेरै वर्षदेखि महसुस गर्दै आएका छन् । चुनाव जित्नु भनेको जनताबाट पाँच वर्षका लागि छुटकारा पाउनु होइन । दीपक कुमार साह प्रकरणमा पार्टीले देखाएको छिटो कारबाहीले पनि यस्तै सन्देश दिन खोज्यो "हामी पुराना दल जस्ता होइनौँस हामी आफ्नै मान्छेमाथि पनि कारबाही गर्छौं।" राजनीतिक रूपमा यो सन्देश शक्तिशाली हो । नैतिक रूपमा पनि यस्तो कदमको महत्व हुनसक्छ । नेपाली राजनीतिमा आफ्नै व्यक्तिमाथि कारबाही गर्नु अझै पनि दुर्लभ दृश्य होस यहाँ त प्राय: गल्ती गर्ने मानिसभन्दा गल्ती सार्वजनिक गर्ने मानिस बढी जोखिममा पर्छ । त्यसैले कुनै दलले आफ्नै मन्त्री वा प्रतिनिधिविरुद्ध कारबाही गर्‍यो भने जनताले त्यसलाई स्वाभाविक रूपमा सकारात्मक संकेतका रूपमा हेर्न सक्छन् । तर समस्या त्यतिबेला सुरु हुन्छ, जब पार्टी-स्तरको अनुशासनात्मक कारबाहीलाई जन-आधारित संवैधानिक "रिकल" जस्तो प्रस्तुत गर्न थालिन्छ । लोकतन्त्र केवल प्रतीकात्मक कारबाहीबाट बलियो हुँदैन । लोकतन्त्र तब बलियो हुन्छ, जब प्रतीकात्मक कदमलाई स्पष्ट, सार्वजनिक, समान रूपमा लागू हुने र कानुनी रूपमा परीक्षण योग्य नियममा रूपान्तरण गरिन्छ । यहीँ नेपालको अवधारणागत भ्रमको केन्द्र छ । हामीकहाँ नारा कानुनी संरचनाभन्दा धेरै अगाडि जन्मिन्छ । नैतिक उद्देश्य पहिला घोषणा गरिन्छ, संस्थागत डिजाइन पछि कुनै दिन गरौंला भनेर राखिन्छ । हामी डिजिटल लोकतन्त्रको कुरा गर्छौं, तर बलियो सार्वजनिक परामर्श कानून छैन । हामी रिकलको कुरा गर्छौं, तर संवैधानिक ढाँचा छैन । हामी राइट टु रिजेक्टको कुरा गर्छौं, तर सर्वोच्च अदालतले दशकअघि दिएको निर्देशनसमेत कार्यान्वयन भएको छैन। समस्या केवल पुराना दलहरूको प्रतिरोध होइनस नयाँ सुधारवादी शक्तिहरूको अस्पष्टता पनि हो । पुराना दलहरू जवाफदेहितासँग डराउँछन् । नयाँहरू कहिलेकाहीँ जवाफदेहितालाई परिभाषित नगरी ब्रान्ड बनाउँछन् । नतिजा सही लोकतान्त्रिक चाहना पनि अवधारणागत कुहिरोमा हराउँछ । कुनै पार्टीले आफ्नै मन्त्री, सांसद वा प्रतिनिधिलाई आन्तरिक अनुशासनका आधारमा हटाउने निर्णय गर्‍यो भने त्यो पार्टीस्तरीय जवाफदेहिता हो । त्यो सराहनीय हुन सक्छ । पुराना दलहरूले अक्सर नगरेको काम हुन सक्छ । जनताको नजरमा बढी उत्तरदायी देखिन सक्छ। तर त्यो स्वत: जन आधारित संवैधानिक रिकल हुँदैन। किनकी निर्णयको स्रोत नै फरक छ । यदि पार्टीले निर्णय गर्छ भने निर्णयको स्रोत पार्टी हो । यदि जनता स्वयंले हस्ताक्षर, प्रमाणीकरण र मतदानमार्फत निर्वाचित प्रतिनिधिलाई हटाउने प्रक्रिया चलाउँछन् भने निर्णयको स्रोत जनता हुन् । पहिलोमा प्रतिनिधिको उत्तरदायित्व दलभित्रको अनुशासन, संगठनात्मक नीति वा नेतृत्वको निर्णयसँग जोडिन्छ । दोस्रोमा उत्तरदायित्व सार्वभौम मतदातासँग जोडिन्छ । पहिलो राजनीतिक संगठनको शक्ति होस दोस्रो संवैधानिक लोकतन्त्रको व्यवस्था हो । पहिलोले पार्टीलाई सुधार्न सक्छ । दोस्रोले लोकतन्त्रलाई गहिरो बनाउन सक्छ । दुवैलाई एउटै नाम दिनु राजनीतिक रूपमा सुविधाजनक हुनसक्छ, तर बौद्धिक रूपमा गलत र लोकतान्त्रिक रूपमा भ्रामक हुन्छ । यस्तो भ्रम नेपालमा सजिलै किन बिक्छ ? किनकी हामी नारा र संरचना बीचको दूरीलाई गम्भीर रूपमा लिँदैनौं । घोषणा छिटो आउँछ, डिजाइन ढिलो । नैतिक आवेगलाई कानुनी प्रक्रियाको विकल्प ठानिन्छ । "रिकल चाहिन्छ" भन्नु सजिलो छ । तर त्यसपछि आउने कठिन प्रश्नहरूको जवाफ कसले दिनेरु प्रक्रिया कसले सुरु गर्नेरु कति मतदाता वा सदस्यको हस्ताक्षर चाहिने ? हस्ताक्षर कसले प्रमाणित गर्ने ? चुनाव जितेको कति समयपछि मात्रै रिकल गर्न पाइने ? कार्यकालको अन्तिम वर्षमा पाइने कि नपाइने ? झूटा हस्ताक्षर भए के दण्ड हुने ? रिकल सफल भए उपनिर्वाचन हुने कि अर्को वैकल्पिक व्यवस्थारु रिकल बारम्बार दुरुपयोग भएर राजनीतिक अस्थिरताको औजार बन्यो भने रोकथाम के हुने ? यी प्रश्नको उत्तर बिना "रिकल" भावनात्मक रूपमा सन्तोषजनक शब्द हुनसक्छ, तर लोकतान्त्रिक रूपमा अधुरो अवधारणा नै रहन्छ । नेपालको समस्या यति मात्र होइन कि पुराना दलहरू जवाफदेहिताबाट भागे । समस्या यो पनि हो कि नयाँ दलहरूले जवाफदेहिताको भाषा त ल्याए, तर त्यसलाई स्पष्ट कानुनी संरचनामा बदल्ने बौद्धिक अनुशासन अझै पर्याप्त रूपमा देखाएनन् । पुराना दलहरू प्रतिरोध गर्छन्, नयाँ दलहरू कहिलेकाहीँ अस्पष्टता बेच्छन्। एकले जवाफदेहिताबाट बच्न खोज्छ, अर्कोले जवाफदेहिताको शब्दलाई राजनीतिक ब्रान्डमा परिणत गर्छ । नतिजा एउटै हुन्छ-जनताको वैध लोकतान्त्रिक चाहना फेरि पनि अलमलमा पर्छ । राइट टु रिजेक्टको बहसमा पनि यही समस्या देखिन्छ । जनताले चुनावमा प्रस्तुत सबै उम्मेदवार अस्वीकार गर्न पाउने अधिकार लोकतान्त्रिक रूपमा शक्तिशाली हुन सक्छ । तर यसलाई लागू गर्ने कम्तीमा दुई फरक बाटा छन् । पहिलो, प्रतीकात्मक ल्इत्ब(मतदाताले सबै उम्मेदवार अस्वीकार गर्न पाउँछन्, तर निर्वाचन परिणाम यथावत् रहन्छ र सबैभन्दा बढी मत ल्याउने उम्मेदवार जित्छ । दोस्रो, परिणामकारी वा बाध्यकारी (यदि अस्वीकृत मत निश्चित सीमा पार गर्छ वा पहिलो स्थानमा आउँछ भने पुन: निर्वाचन हुन्छ, दलहरूलाई नयाँ उम्मेदवार दिन बाध्य पारिन्छ, वा अन्य कानुनी परिणाम सिर्जना हुन्छ । यी दुई पूर्णत: फरक संवैधानिक विकल्प हुन् । प्रतीकात्मक ल्इत्ब् ले असन्तोषको अभिलेख राख्छ । बाध्यकारी ल्इत्ब् ले दलहरूलाई खराब उम्मेदवार चयन गरेको राजनीतिक दण्ड दिन्छ । भारतको अनुभव यहाँ उपयोगी छ । त्यहाँ (व्यवस्था लागू छ, तर त्यो मुख्यत: प्रतीकात्मक होस नतिजा उल्ट्याउने व्यवस्था होइन । त्यसले असन्तोष नाप्छ, तर उम्मेदवार फेर्न बाध्य पार्दैन। नेपालले कुन मोडेल चाहेको हो स्पष्ट भन्नुपर्छ। "राइट टु रिजेक्ट" भनिसकेपछि जनताले स्वत: सबै कुरा बुझिहाल्छन् भन्ने सोच राजनीतिक अल्छीपन बाहेक केही होइन । कानुनले स्पष्ट नगरेसम्म यसको प्रभाव सीमित वा भ्रमपूर्ण हुन सक्छ । यदि ल्इत्ब् ले सबैभन्दा धेरै मत ल्यायो भने के हुन्छ? पुन: निर्वाचन हुन्छ ? त्यही उम्मेदवार फेरि उठ्न पाउँछरु दलहरूले नयाँ उम्मेदवार दिनुपर्छ ? परिणाममा कुनै कानुनी असर नै पर्दैन भने त्यो केवल प्रतीकात्मक असन्तोष हो कि प्रभावकारी राजनीतिक दण्डरु यी प्रश्न नउठाई "राइट टु रिजेक्ट" को नारा लगाउनु भनेको जनताको असन्तोषलाई संस्थागत परिणामसँग नजोडीकन प्रयोग गर्नु हो । राजनीतिमा अस्पष्ट शब्दहरूको अर्को फाइदा पनि हुन्छ । सबैले आफ्नै अनुकूल अर्थ लगाउन पाउँछन् । जनताले सोच्छन्, अब उनीहरूको शक्ति बढ्दैछ । कार्यकर्ताले सोच्छन्, पार्टी अरूभन्दा फरक छ । नेतृत्वले सोच्छ, एउटै नारा धेरै अर्थ बोकेर धेरै राजनीतिक लाभ दिन्छ । तर लोकतान्त्रिक राज्यले यस्तो सुविधा पाउँदैन । राज्यले जनतालाई काव्य होइन, प्रक्रिया दिनुपर्छ । व्याख्या होइन, व्यवस्था दिनुपर्छ । लोकतन्त्रलाई भावना होइन, संरचना चाहिन्छ । यसैले कुनै राजनीतिक शक्ति साँच्चिकै गम्भीर छ भने उसले पहिलो काम आफ्नो भाषा स्पष्ट बनाउने गर्नुपर्छ। यदि पार्टीभित्रको अनुशासन लागू गरिएको हो भने स्पष्ट भन्नुपर्छ : यो पार्टी अनुशासन हो । यदि जन-आधारित रिकल चाहिएको हो भने मोडेल कानुन ल्याउनुपर्छ । यदि राइट टु रिजेक्ट चाहिएको हो भने निर्वाचन प्रणालीमा कुन मोडेल लागू गर्ने हो स्पष्ट देखाउनुपर्छ। यदि डिजिटल लोकतन्त्र चाहिएको हो भने डिजिटल संरचना, डेटा सुरक्षा, नागरिक पहुँच, प्रमाणीकरण, अडिट, गोपनीयता, साइबर सुरक्षा र कानूनी उपचारको खाका सार्वजनिक गर्नुपर्छ । अन्यथा "प्रत्यक्ष लोकतन्त्र" शब्द जनताको आक्रोशको मार्केटिङमा सीमित हुन्छ । डिजिटल लोकतन्त्रको सन्दर्भमा त अझ बढी सावधानी चाहिन्छ। एउटा एप बनाउने बित्तिकै लोकतन्त्र डिजिटल हुँदैन । अनलाइन पोल चलाउने बित्तिकै नागरिक सहभागिता संस्थागत हुँदैन। सामाजिक सञ्जालमा मत माग्ने बित्तिकै जनमत प्रमाणित हुँदैन । डिजिटल प्रणाली लोकतन्त्रको साधन हुन सक्छ, तर आफैँमा लोकतन्त्र होइन। खराब शासनमा डिजिटल प्लेटफर्म थपियो भने राम्रो शासन जन्मिन्छ भन्ने ग्यारेन्टी छैन। धेरै अवस्थामा केवल खराब शासनको डिजिटल संस्करण जन्मिन्छस अलि चम्किलो, अलि छिटो, अलि आधुनिक देखिनेस तर सारमा उही अपारदर्शी । नेपालले डिजिटल लोकतन्त्र भन्नु अघि केही आधारभूत प्रश्नको जबाफ दिनैपर्छ । नागरिकको पहिचान कसरी प्रमाणित गर्ने ? मत वा रायको गोपनीयता कसरी सुरक्षित गर्ने ? ग्रामीण, गरिब, वृद्ध, अशिक्षित वा डिजिटल पहुँच नभएका नागरिकलाई कसरी समावेश गर्ने ? डेटा कहाँ राख्ने ? कसले हेर्ने ? कसले अडिट गर्ने ? नेपालमा अहिलेको सबैभन्दा ठूलो चुनौती जनता तयार छन् कि छैनन् भन्ने होइन। जनता धेरै कुरा बुझिसकेका छन्। उनीहरू खराब उम्मेदवारबाट थाकेका छन् । निर्वाचित प्रतिनिधिको अहंकारबाट दिक्क भएका छन् । चुनावका दिन मात्र सार्वभौम ठानिने व्यवस्थाबाट निराश छन् । उनीहरूलाई प्रत्यक्ष सहभागिता चाहिएको छ, तर त्यो सहभागिता साँच्चै अधिकारमा परिणत होस् भन्ने चाहना छ, केवल चुनावी भाषणको सजावटमा सीमित नहोस् भन्ने अपेक्षा छ । सही बाटो क्रमबद्ध निर्माणमा छ। पहिले परिभाषा स्पष्ट गर्नुपर्छ। त्यसपछि कानूनी ढाँचा बनाउनुपर्छ। त्यसपछि संस्थागत जिम्मेवारी तोक्नुपर्छ। त्यसपछि परीक्षण योग्य डिजिटल पूर्वाधार बनाउनुपर्छ । अनि मात्र प्रत्यक्ष लोकतन्त्रको अभ्यासलाई विस्तार गर्नुपर्छ । लोकतन्त्रमा उत्साह आवश्यक छ, तर उत्साह मात्र पर्याप्त छैन । जनताको अधिकारको नाममा जनतालाई नै भ्रमित गर्नु लोकतन्त्रको सेवा होइनस त्यो पुरानै राजनीतिक संस्कृतिको नयाँ संस्करण हो ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२११२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ योजनाहरू बनाउन अनुभवी व्यक्तिहरूको सहयोग लिनुहोस्। | **तुला** : नयाँ योजनातर्फ अग्रसर हुनुहुनेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **वृष** : आर्थिक समस्याको समाधान मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ। | **वृश्चिक** : मन अशान्त रहनेछ। भ्रमणको रूपरेखा बन्नेछ।पेशामा रिस नगरौं। |
| **मिथुन** : आर्थिक पक्ष सबल रहनेछ। राजकीय मामलाहरू सुल्झिनेछन्। | **धनु** :आर्थिक कारोबारमा नयाँ सम्पर्कहरूबाट लाभ मिल्नेछ। धैर्य राखौं। |
| **कर्कट** : कानुनी पक्ष सबल रहनेछ। नोकरी वा पेशामा गोपनीयताको ध्यान राख्नुहोस्। | **मकर** : अध्ययनमा सफलता मिल्नेछ। कार्यक्षेत्रमा मिठो बोलीको प्रयोग गरौं। |
| **सिंह** : नयाँ लगानी लाभदायी रहनेछ। धार्मिक कार्यक्रमहरूमा सम्मिलित भइएला। | **कुम्भ** : मांगलिक कार्यमा धन खर्च हुनेछ। कार्यक्षेत्रमा मेहनत अनुरूप सफलता मिल्नेछ। |
| **कन्या** : नयाँ नोकरीको लागि संघर्ष गर्नुपर्ला। विदेशतिरबाट शुभ सूचना मिल्नेछ। | **मीन** : स्वास्थ्य सम्बन्धि समस्या हुन सक्ला। दाम्पत्य जीवनमा मनमुटाव रहनेछ। |

## शिक्षा

# निजी विद्यालयको शुल्कबारे रोकिएन गुनासो




"सर, नमस्कार । बढी शुल्क लिने विद्यालयबाट रकम फिर्ता गराउने नेपाल सरकारको निर्देशन उचित छ तर हामीले आग्रह गर्दा निजी विद्यालयले फिर्ता गर्न मानिरहेका छैनन् । केन्द्रबाट नै भनिदिनुपऱ्यो", शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा स्थापित सहायता कक्षमा हरेक दिन होइन हरेक मिनेटमा यस्ता गुनासा आउने गर्छन् । मन्त्रालयले निजी लगानीका विद्यालयहरूले कानुनविपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरूले नियमितरूपमा गुनासो टिपाउन थालेका हुन् । भक्तपुर, सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा खडा गरिएको सहायता कक्षका प्रमुख एवं केन्द्रका निर्देशक निम प्रकाश सिंह राठौरको मोबाइल नम्बर ९८५१२१४६३८ मा हरेक दिन होइन, हरेक मिटेनमा फोन आउँछ । केन्द्रका सूचना अधिकारीसमेत रहेका निर्देशक राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विविध विषयमा विभिन्न माध्यमबाट नियमित गुनासो आएको बताए । निर्देशक राठौरले भर्ना शुल्क भनेर नलिए पनि वार्षिक शुल्कका नाममा निजी लगानीका विद्यालयले बढी बढी शुल्क लिएको उजुरी आएको बताउँदै वर्षमा दुई महिना बराबरको रकम वार्षिक शुल्कका रूपमा लिन पाउने कानुनी व्यवस्था संशोधन गर्नुपर्नेलगायत सुझाव पनि आएको जानकारी दिए । "मासिक शुल्क पनि महँगो हुन्छ । त्यसमाथि दुई महिना बराबरको वार्षिक शुल्क लिने पाउने व्यवस्थाले हाम्रो ढाड सेकिने गरेको छ", अभिभावकको गुनासो सुनाउँदै निर्देशक राठौरले भने, "कानुन संशोधन गर्न पहल गरिदिनुपऱ्यो ।" गुनासोकर्ताहरूले स्थानीय तहले शुल्क मापदण्ड र मन्त्रालयको निर्देशन पालनामा ध्यान नदिएकादले केन्द्र सरकारले सिधै हेर्नुपर्ने माग पनि गरेका छन् । निर्देशक राठौरका अनुसार पछिल्लो समयमा सामुदायिक विद्यालयमा शुल्क लिइएको गुनासो आउने थालेको छ । मन्त्रालयले कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन गत चैत २२ गते सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरेको थियो । आफूखुसी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्थाबमोजिम कारबाही हुन सक्नेतर्फ मन्त्रालयले सचेत गराएको थियो । उनले शुल्क नतिरेको नाममा कक्षा १२ को परीक्षाका लागि एडमिट कार्ड रोकिएको र ललितपुरमा एक निजी विद्यालयले कपाल काटेर आउनु भन्ने शिक्षकको निर्देशन नमानेका कारण पनि परीक्षाको एडमिट कार्ड रोकिएकामा फोन गरेर भने पछि समस्या समाधान भएको निर्देशक राठौरले बताए । उनका अनुसार हालसम्म घन्टाको पचास टेलिफोनबाट तीन हजारसम्मको उजुरी परेको, इमेलबाट सय, एसएमस ३०० र भाइबरमा बढी शुल्कको बिल आदि प्रमाण दिनेको सङ्ख्या ७० पुगेको छ । सहायता कक्षले आफ्नोमा आएका गुनासो/उजुरीलाई नीतिगत सम्बोधनका लागि केन्द्रका महानिर्देशकसमक्ष पेस गरिएको र तत्काल सम्बोधन गर्न सकिने विषयहरू आफूले समाधान गरेको राठौरको भनाइ छ । सरकारले नयाँ शैक्षिकसत्रको प्रारम्भ वैशाख १५ गतेदेखि सुरु गर्न निर्देशन दिए पनि अधिकांश निजी विद्यालयले त्यसअगावै भर्ना गरेका छन् । सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा हुने भनिए पनि आर्थिक सहयोग शुल्कका नाममा अभिभावकसँग रकम लिने गरिएको छ तर निजीको तुलनामा सरकारीको सहयोग रहक नगन्य रहेको छ । काठमाडौंको विश्व निकेतन माविका प्रधानाध्यापक हेरम्बराज कँडेलले सरकारको न्यून बजेटका कारण गुणस्तरीय शिक्षा दिन वर्षभरीका लागि कक्षा १ देखि ८ सम्म न्यूनतम् एक हजार ४०० देखि दुई हजार ९०० सम्म अभिभावकसँग आर्थिक सहयोग शुल्क लिने गरेको बताए । उनले करिब १०० विपन्न विद्यार्थीलाई छात्रवृत्ति दिने गरिएको जनाए । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) महासचिव आरबी कटवालले निजी विद्यालयहरूले आमरूपमा मापदण्डबमोजिम स्थानीय तहबाट स्वीकृत शुल्क मात्रै लिएको जिकिर गर्दै शैक्षिकसत्र लाग्नुअगावै भर्ना गरिएको शुल्क भने फिर्ता गर्न आफूहरूलाई आपत्ति नहुने बताए । "हामीले सदस्य विद्यालयहरूलाई सरकारको निर्देशन र विद्यमान कानुनको परिपालना गर्न भन्दै आएका छौं । शैक्षिकसत्र सुरु नहुँदै विद्यार्थी भर्ना गर्ने कतिपय ठूला विद्यालयबाट अभिभावकले रकम फिर्ता लिन आउनुस् भनेर सूचना जाँदा पनि अभिभावक नआएको पाइयो", महासचिव कटवालको भनाइ छ, "त्यस्ता विद्यालयमा विद्यार्थीको चाप हुने भएकाले भर्ना गरिसकेपछि रकम फिर्ता लिँदा सिट गुम्ने चिन्ता अभिभावकमा पर्ने रहेछ, त्यसैले भर्ना भइसकेकाको हकमा रकम फिर्ता भन्दा अब तिर्नुपर्ने मासिक शुल्कमा मिलान गर्ने व्यवहारिक सल्लाह भएको पाइएको छ ।" महासचिव कटवालले कतिपय विद्यालयले विविध शीर्षकमा बढी रकम लिने गरेको पाइएका अध्ययन भइरहेको र त्यसमा सरकारी निकायलाई आफूहरूले समन्वय र सहयोग गर्ने स्पष्ट पारे । शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीहरूको व्यवस्था गरिएको छ । उक्त दफामा विद्यालयले मासिक पढाइ शुल्क, कूल दुई महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मतसम्भार, पुस्तकालय र प्राथमिक उपचारबापतको वार्षिक शुल्क, विद्यालयमा पहिलोपटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क तोकिएको छ । यसैगरी विविधअन्तर्गत परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था छ । नियमावलीको नियम १४७ मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क विद्यालयको वर्गीकरणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइले शैक्षिकसत्र सुरु हुनुभन्दा तीन महिनाअगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । विद्यालयको व्यवस्थापन समितिले शिक्षक-अभिभावक सैको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम् शुल्क सीमाभित्र रही शैक्षिकसत्र सुरु हुनु दुई महिनाअघि समन्वय एकाइमा पेस गर्नुपर्ने भनिएको छ । एकाइले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्नेछ । शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ । *-रासस*


# कर्णालीमा फेरियो नियति, भर्ना अभियान अगावै पुग्यो पाठ्यपुस्तक



विगतमा कर्णालीका हिमाली तथा पहाडी जिल्लामा प्राय: वार्षिक परीक्षा सुरु हुने बेलासम्म पनि विद्यार्थीको हातमा पूरा सेट पाठ्यपुस्तक पुग्दैनथ्यो । परिणामस्वरुप शैक्षिक गुणस्तर खस्कनेमात्र होइन, रिजल्ट समेत अन्य प्रदेशको तुलनामा कर्णालीको कमजोर रहँदै आएको छ । यद्यपि पाठ्यपुस्तकको विगतको नियति भने अहिले फेरिएको छ । यो वर्ष शैक्षिक सत्र सुरु हुनु अगावै कर्णालीका जिल्लाहरूमा पाठ्यपुस्तक पुगिसकेको छ । विगतमा वैशाख १ गतेबाट नयाँ शैक्षिक सत्र लागु हुने गरेकोमा यो वर्ष सरकारले कार्यतालिका संशोधन गरेर वैशाख १५ देखि भर्ना अभियान सुरु गरेको छ । यस्तै, वैशाख २१ गतेदेखि कक्षा सञ्चालन गर्ने भनिएको छ । तर, कर्णालीका जिल्लाहरूमा भर्ना अभियान सुरु हुनुपूर्व नै पहिलो चरणको पाठ्यपुस्तक पुगिसकेको हो । विशेषगरी कर्णालीका हिमाली जिल्लाहरूमा पाठ्यपुस्तक पुगिसकेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले जनाएको छ । जुम्लामा चैत अन्तिम सातामै पाठ्यपुस्तक पुगिसकेको थियो । कर्णालीका जिल्लाहरूमा जनक शिक्षाको नेपालगञ्ज र प्रादेशिक कार्यालय सुर्खेतबाट पाठ्यपुस्तक पठाइन्छ । पाठ्यपुस्तक व्यवसायीहरूले ढुवानी गर्दा जताबाट सहजता हुन्छ, उतैबाट पाठ्यपुस्तक जिल्लाहरूमा पुऱ्याउँछन् । यद्यपि हुम्ला, डोल्पा, रुकुम पश्चिम, सल्यान र केही मात्रामा जाजरकोटमा जनक शिक्षाको नेपालगञ्ज कार्यालयबाट पुस्तक जान्छ । सुर्खेत कार्यालयबाट सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, मुगु, जाजरकोट र केही मात्रामा हुम्लामा पनि पाठ्यपुस्तक पुगेको छ । जनक शिक्षाको प्रादेशिक कार्यालय सुर्खेतका प्रमुख जमुना ढकालका अनुसार धेरैजसो ठाउँमा पाठ्यपुस्तक यसअघि नै जिल्लाहरूमा गइसकेको छ । वार्षिक परीक्षा सुरु हुने बेलासम्म कर्णालीका विद्यार्थीले पाएनन् पाठ्यपुस्तक वार्षिक परीक्षा सुरु हुने बेलासम्म कर्णालीका विद्यार्थीले पाएनन् पाठ्यपुस्तक 'पाठ्यपुस्तकहरू गइरहेका छन्, केन्द्रबाट पनि अहिले पहिला जस्तो पुस्तकको समस्या भएको छैन,' उनले रातोपाटीसँग भनिन्, 'अहिले पर्याप्त छ । केन्द्रबाट पनि आइरहेको छ अनि यताबाट पनि सबै जिल्लामा पुगेको छ ।' लगभग ७० प्रतिशत पाठ्यपुस्तक बिक्री भइसकेको उनले बताइन् । ढकालका अनुसार यो कार्य अझ छिटो हुन सक्थ्यो । उनले अगाडि भनिन्, 'शैक्षिक सत्र अलिकति पछाडि सरेको हुनाले र स्थानीय तहबाट भुक्तानी अलि ढिलो हुनाले सबैजसो व्यापारी अझै आइपुग्नुभएको छैन ।' जनक शिक्षाको सुर्खेत कार्यालयबाट जिल्ला तथा पालिकामा ५० भन्दा बढी पुस्तक व्यवसायीहरूले किताब पुऱ्याउने गरेका छन् । 'एक लट त सबैले लगिसके । उनिहरूमध्ये नै केहीले थप पुस्तक लिन बाँकी छ,' प्रमुख ढकालले भनिन्, 'नत्र लगभग सबै स्थानीय तहमा पाठ्यपुस्तक पुगिसक्यो ।' सुर्खेत कार्यालयबाट हालसम्म ७ करोड ६९ लाख ८७ हजार ९१ रुपैयाँ बराबरको ५ लाख ६६ हजार ८१ वटा पाठ्यपुस्तक बिक्री वितरण गरिएको छ । सेटअनुसार करिब १४ देखि १५ हजारको हाराहारीमा जिल्लामा गइसकेको छ भने अझै गोदाममा करिब ६ देखि ७ हजार थान पुस्तक स्टक छ । हालसम्म दैलेखमा १ करोड ५५ लाख ५० हजार ३०० रुपैयाँ बराबरको १ लाख २५ हजार ८९३ वटा पाठ्यपुस्तक गइसकेका छन् । सुर्खेतमा १ करोड ३५ लाख ५० हजार ५६० रुपैयाँ बराबरको १ लाख ९ हजार ३५० वटा पाठ्यपुस्तक बिक्री वितरण भइसकेका छन् । जाजरकोटमा ५४ लाख ६ हजार ४८७ रुपैयाँ बराबरको ३९ हजार ६६१ वटा पाठ्यपुस्तक पुगिसकेका छन् । हुम्लामा ९४ लाख ११ हजार ८७० रुपैयाँ बराबरको ६८ हजार ९२३ वटा पाठ्यपुस्तक पठाइएको छ । मुगुमा ६२ लाख ८२ हजार ८१२ रुपैयाँ बराबरको ४६ हजार ५०८ वटा पाठ्यपुस्तक गइसकेका छन् । कालिकोटमा १ करोड ८० लाख ९० हजार ५०१ रुपैयाँ बराबरको १ लाख २० हजार ५५० वटा पाठ्यपुस्तक वितरण भएका छन् । जुम्लामा ७४ लाख २२ हजार ७७० रुपैयाँ बराबरको ४५ हजार ९५९ वटा पाठ्यपुस्तक पुगेका छन् । जनक शिक्षाको सुर्खेत कार्यालयबाट सुदूरपश्चिमको अछाम जिल्लामा पनि झन्डै १२ लाख ७१ हजार ७९० रुपैयाँ बराबरको ९ हजार २३७ वटा पाठ्यपुस्तक गएका छन् । जनक शिक्षा सामग्री केन्द्र लिमिटेड नेपालगञ्जका प्रमुख रुद्रबहादुर खनालका अनुसार, हुम्लामा १६ हजार १९०, डोल्पामा ३७ हजार २०८, रुकुम पश्चिममा १ लाख ६८ हजार ६७६, जाजरकोटमा ४७ हजार ३२ र सल्यानमा ६६ हजार ४१५ थान पाठ्यपुस्तक गइसकेको छ । शैक्षिक सत्र ढिलो सुरु भएकाले केही व्यवसायी आउन बाँकी भए पनि पहाडी तथा हिमाली जिल्लाहरूमा पाठ्यपुस्तकको उपलब्धता भइसकेको खनालले रातोपाटीलाई बताए ।'केही व्यवसायीहरू व्यक्तिगत कारणले ढिलो आउनुभएको हुन सक्छ, तर हामीले पर्याप्त मात्रामा पुस्तक लैजान सबैलाई सूचित गरिसकेका छौं,' उनले भने, 'यदि कतैबाट अभावको गुनासो आएमा व्यवसायीहरू मार्फत तुरुन्तै पुस्तक पुऱ्याउने प्रबन्ध मिलाइनेछ ।' कुनै विद्यालयमा व्यवसायीको कारण वा विद्यालयकै ढिलाइले पुस्तक नपुगेको हुन सक्ने, तर आफ्नो तर्फबाट बिक्री-वितरणको दायित्व पूरा भइसकेको खनालले बताए । अहिले पुस्तक अभाव हुने अवस्था छैन जनक शिक्षाका सुर्खेत कार्यालय प्रमुख जमुना ढकाल विगतजस्तो यो पटक पुस्तक अभाव नहुने बताइन् । उनका अनुसार, केन्द्रले पनि 'जति सक्नुहुन्छ दिनुस्, हामी अभाव हुन दिँदैनौँ' भनिरहेको छ । नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ, कर्णाली प्रदेशका अध्यक्ष गणेश रोकायाले पनि सबै जिल्लामा आवश्यक पुस्तक पुगिसकेको बताए । 'म अपडेट गरिरहेको छु, मैले जनक शिक्षामा पटक-पटक फोन गरिरहेको हुन्छु,' उनले भने, 'किताबहरू सबै ठाउँ उठाएर लगिसकिएको छ ।' उनका अनुसार, भर्ना अभियान वैशाख १५ पछि भनिएकाले पनि विद्यार्थी, अभिभावक र शिक्षक केही अन्योलमा देखिन्छन् । 'के नियम आउने हो र कसरी गर्ने भन्ने कुरामा स्पष्टता नभएको जस्तो देखिन्छ,' उनले भने, 'अघिल्ला वर्षहरूमा यो समयसम्म पठनपाठन सुरु भइसक्थ्यो । अहिले किताबहरू समयमै आइपुग्दा पनि अन्योलचाहिँ छ ।'

*-रातोपाटी डटकम*

# शिक्षामा लगानी बढाउन आग्रह



अन्तर्राष्ट्रिय शिक्षक महासै (एजुकेसन इन्टरनेसनल) मा आबद्ध शिक्षक र कर्मचारीसँग सम्बन्धित नेपालका चार सङ्गठनले नि:शुल्क, अनिवार्य र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षामा राष्ट्रिय बजेटको २० प्रतिशत वा कुल गार्हस्थ्य उत्पादनको ६ प्रतिशत लगानी गर्न आग्रह गरेका छन् । ती सङ्गठनले मंगलबार तीन दिने 'सेपिङ द एजुकेसन बजेट' विषयक सम्मेलनको समापनका अवसरमा प्रगतिशील करलाई सुदृढ गरेर शिक्षामा लगानी वृद्धिका साथै शिक्षाकर्मीहरूको श्रम अधिकार र सम्मानजनक कार्य अवस्था सिर्जना गर्न, गुणस्तरीय तालिम र व्यावसायिक विकासमा लगानी गर्न, ट्रेड युनियन अधिकार तथा मानव अधिकारको सम्मान गर्नलगायत १४ बुँदे प्रमुख मागहरू सार्वजनिक गरेका हुन् । नेपाल शिक्षक सैका अध्यक्ष सोमनाथ गिरी, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हंशबहादुर शाही, संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष होमकुमार थापा र नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले आज आयोजित पत्रकार सम्मेलनमा ती मागपत्र सार्वजनिक गरेका हुन्। कार्यक्रममा एजुकेसन इन्टरनेसन (इआई)का एसिया प्रशान्त क्षेत्रका निर्देशक आनन्द सिंहले नेपाली शिक्षक र विद्यालय कर्मचारीहरूको मागप्रति आफूहरूको ऐक्यबद्धता रहेको बताउँदै सरकारले शिक्षकहरूको पेसागत हक हितका लागि लगानी बढाउनुपर्नेमा जोड दिए । *-रासस*

# मानव अधिकार पाल्पाले मनायो प्रेस स्वतन्त्रता दिवस



**पाल्पा,** बैशाख २०/ मानव अधिकार तथा शान्ति समाज पाल्पा शाखाले ३३ औं विश्व प्रेस स्वतन्त्रता दिवस मनाएको छ । समाजले स्वतन्त्र प्रेसको महत्व बारे उजागर गर्दै दिवस मनाएको हो ।

तानसेनको शित्तलपाटीमा आयोजित कार्यक्रममा प्रेस स्वतन्त्रता भए मात्र देशमा मानव अधिकार सहितको प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र सुरक्षित हुने र शान्तिपूर्ण समाज निर्माणका लागि सहयोग पुग्ने कार्यक्रममा सहभागीहरुले जोड दिएका छन् ।

नेपालको संविधानले प्रत्याभूत गरेको लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार र पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चिततामा पूर्ण रुपमा कार्यान्वयन हुनुपर्ने उनीहरुको भनाई छ । विशेष गरी राज्यले प्रेसलाई निषेधमुक्त वातावरण सिर्जना गर्नुपर्ने, पत्रकारहरुको सामाजिक सुरक्षा र पेशागत सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने, डिजिटल मिडियामा देखिएका चुनौतीहरुलाई कानुनी रुपमा सम्बोधन गर्नुपर्ने वक्ताहरुले बताए । आजको आवश्यकता व्यावसायिक नैतिकता र जिम्मेवार पत्रकारिता रहेको सहभागीहरुले बताएका छन् । उनीहरुले राजनीतिक हस्तक्षेपबाट मुक्त पत्रकारिता, बाह्य प्रभाव र असुरक्षाबाट मुक्त पत्रकारिता, अहिलेको आवश्यकता रहेको समेत उल्लेख गरे । प्रेस स्वतन्त्रता, मानव अधिकार र शान्ति स्थापना बीचको अन्तरसम्बन्धलाई बलियो बनाउँदै जिम्मेवार पत्रकारिता नै लोकतन्त्रको सुन्दरता रहेको सहभागीहरुको जोड छ । कार्यक्रममा मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य रेणुका देवकोटाले लोकतन्त्र सुदृढीकरणका लागि स्वतन्त्र प्रेस अनिवार्य रहेको बताउँदै पत्रकारहरुको सुरक्षा र अधिकारको सुनिश्चितता आवश्यक रहेको बताईन् । समाजका जिल्ला अध्यक्ष सन्तवीर बरालले पत्रकारितामा देखिएका चुनौतीहरु समाधान गर्न राज्य, समाज र सञ्चारकर्मीबीच सहकार्य आवश्यक रहेको बताए । पत्रकार कृष्ण पोखरेलले डिजिटल युगमा सूचनाको विश्वसनीयता र पत्रकारिताको नैतिकता अझ महत्वपूर्ण भएको उल्लेख गर्दै सुरक्षित र स्वतन्त्र वातावरणमा पत्रकारिता गर्न पाउने अधिकार सुनिश्चित हुनुपर्नेमा जोड दिए । संस्थाले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा पत्रकारहरु कृष्ण पोखरेल र प्रेरणा नेपाललाई उपहार स्वरुप सत्य, निष्पक्ष सन्तुलित समाचार लेखनको लागि डायरी र पेन हस्तान्तरण गरेको छ । समितिका सचिव अशोक घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## सवारी दुर्घटना...

...आव २०७९/८० मा २०३ सवारी दुर्घटना हुँदा ९५ मृत्यु भएको थियो भने आव २०७८/७९ मा २७९ वटा सवारी दुर्घटना हुँदा ७७ जनाको मृत्यु भएको थियो । प्रहरीको अनुसन्धानले दुर्घटनाको मुख्य कारण तीव्रगतिमा सवारी चलाउनु, मादकपदार्थ सेवन गरी सवारी चलाउनु, चालकको लापरबाही, सडकको अवस्थाबारेमा चालक जानकार नहुने, यान्त्रिक गडबडीलगायत रहेका ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक बमले जानकारी दिए । दुर्घटना न्यूनीकरणका लागि चालक गम्भीर बन्नुपर्ने ज्येष्ठ नागरिक खुमानन्द अधिकारीले जोड दिए । उनले जिल्लामा धेरै दुर्घटना चालकको लापरबाहीका कारण हुने गरेको भन्दै चालक संवेदनशील हुन आग्रह गरे । तीव्रगतिमा गाडी चलाउने, आफ्ना सवारीसाधन दुरुस्त अवस्था नराख्नेलगायत कारणले दुर्घटना बढिरहेको उनको भनाइ छ । पत्रकार महासै दाङका अध्यक्ष सन्तोष सुवेदीले सवारी दुर्घटना न्यूनीकरणका लागि प्रहरीले सक्रियता बढाए पनि नियन्त्रणमा आउन नसकेकामा चिन्ता व्यक्त गरे । सवारी दुर्घटना न्यूनीकरणका लागि चालक, ट्राफिक प्रहरी र स्वयं गाडी धनी, नियामक निकाय एकजुट हुनुपर्ने उनले बताए । उनले सवारी ऐन कार्यान्वयन नगर्ने जोकोहीलाई कारबाही गर्नुपर्नेमा जोड दिए । त्यस्तै चालकलाई दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने अध्यक्ष सुवेदीले सुझाव दिए । उनले दुर्घटनामा पीडित भएका तथा सवारी चालकलाई सङ्गठित गराएर सरोकार भएका निकायले सचेतना अभियान प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए । दुर्घटनाको पीडा स्वयं पीडितलाई थाहा हुने भन्दै दुर्घटना पीडित सङ्गठित बनाएर सचेतना अभियान सञ्चालन गर्दा थप प्रभावकारी हुने उनको भनाइ छ । सडक दुर्घटना रोकथाम गर्नका लागि नियामनका निकायले पनि विशेष ध्यान दिनुपर्ने अध्यक्ष सुवेदीले बताए । घोराही-तुलसीपुर निर्माणाधीन सडकका ठाउँठाउँमा खनिएका खाडलमा परी हुने सवारी दुर्घटनाका कारण युवाको ज्यान जाने गरेकाले यसतर्फ सबै सचेत हुनुपर्ने उनको भनाइ छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्रेष्ठले तीव्रगतिमा सवारी चलाउने, मादकपदार्थ सेवन, बाटोको अवस्थाबारेमा चालक जानकार नहुने, सवारीको यान्त्रिक अवस्था ठीक नराख्नेलगायत कारणले दुर्घटना बढिरहेको बताए । उनले सडक सुरक्षा तथा ट्राफिक नियमका सम्बन्धमा चालक तथा सहचालकलाई प्रशिक्षण तथा विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका जानकारी दिए । उनका अनुसार नागरिक अगुवासँग अन्तरक्रिया, स्थानीय तहसँग सडक सुरक्षासम्बन्धी सचेतनामूलक अभियान, आमसर्वसाधारणलाई ट्राफिक नियमका बारेमा जानकारीलगायत कार्यक्रम सञ्चालन हुँदै आएका छन् । जिल्लाको घोराही-तुलसीपुर सडकखण्ड निर्माण भइरहेकाले सो सडकमा हुने दुर्घटना नियन्त्रण गर्नेतर्फ प्रहरीले चासो दिएको उनको भनाइ छ ।

**नौ महिनामा एक करोडभन्दा बढी राजस्व सङ्कलन**

ट्राफिक प्रहरी कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा ट्राफिक नियम पालना नगर्ने १० हजार ७८ वटा सवारीसाधनलाई कारबाही गरेको जनाएको छ । गत साउनदेखि चैतसम्म ती सवारीसाधनलाई कारबाही गर्दा एक करोड पाँच लाख ६० हजार ५०१ राजस्व सङ्कलन भएको ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक बमले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी नियम पालना नगर्नेमा मोटरसाइकल चालक छन् ।

खेलकुद समाचार

## प्रधानमन्त्री कप उपाधि रुकुम पश्चिमले जित्यो



**काठमाडौं,** वैशाख २०/प्रधानमन्त्री कप एनभीए भलिबल लिगअन्तर्गत पुरुषतर्फको उपाधि रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्र र महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । आइतबार त्रिपुरेश्वरको कभर्डहलमा भएको फाइनल खेलमा पुरुषतर्फ रुकुमले हेल्प नेपाललाई ३-० को सोझो सेटमा हराएको छ । रुकुमले पहिलो सेट २९-२७, दोश्रो सेट २५-२१ र तेश्रो सेट ३२-३० ले हरायो । यस्तै पुलिसले न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब ३-१ को सेटमा हराउँदै चौथो पटक उपाधि जितेको छ । पुलिसले पहिलो सेट २५-२१, तेश्रो सेट २५-२३ र चौथो सेट २५-१९ ले जित्यो भने न्यु डायमन्डले दोश्रो सेट २५-१७ ले जित्यो । उपाधिसँगै पुरुषतर्फ रुकुम पश्चिम र महिलातर्फ पुलिसले समान १० लाख तथा उपविजेता पुरुषतर्फ हेल्प नेपाल र महिलातर्फ न्यु डायमन्डले समान ५ लाख रुपैयाँ पाएका छन् । लिगमा पुरुषतर्फ आठ टोली र महिलातर्फ ६ टोलीले प्रतिस्पर्धा गरेका हुन् । अब एनभीए लिगको पुरुषतर्फको विजेता रुकुम पश्चिम र महिलातर्फको विजेता नेपाल पुलिस क्लबले सेन्ट्रल एशियन भलिबल एसोसिएसन (काभा)ले आयोजना गर्ने काभा क्लब च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न पाउनेछन् । नेपाल भलिबल संघ (एनभीए)को आयोजनामा खेल गएको वैशाख १० गतेदेखि शुरु भएको थियो ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## अमेरिकी डलरको मूल्य स्थिर



**काठमाडौं,** वैशाख २०/शनिबारको तुलनामा आइतबार अमेरिकी डलरको मूल्य स्थिर रहेको छ । नेपाल राष्ट्र बैंकले निर्धारण गरेको विदेशी मुद्राको विनिमयदर अनुसार अमेरिकी डलरको मूल्य शनिबारको तुलनामा स्थिर रहेको हो । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १५१ रुपैयाँ ५६ पैसा र बिक्रीदर १५२ रुपैयाँ १६ पैसा तोकिएको छ ।

शनिबार पनि डलरको मूल्य यति नै रहेको थियो । यस्तै, युरोपियन युरोमा भने करिब १ रुपैयाँले वृद्धि भएको छ । शनिबार युरोको खरिददर १७७ रुपैयाँ ५८ पैसा र विक्रीदर १७८ रुपैयाँ २८ पैसा रहेकोमा आज युरोपियन युरो एकको खरिददर १७८ रुपैयाँ १६ पैसा र बिक्रीदर १७८ रुपैयाँ ८६ पैसा रहेको छ । यसैगरी युके पाउन्ड स्टर्लिङ एकको खरिददर २०६ रुपैयाँ ३९ पैसा र बिक्रीदर २०७ रुपैयाँ २१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १९४ रुपैयाँ २८ पैसा र बिक्रीदर १९५ रुपैयाँ ०५ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर १०९ रुपैयाँ ०९ पैसा र बिक्रीदर १०९ रुपैयाँ ५२ पैसा, क्यानेडियन डलर एकको खरिददर १११ रुपैयाँ ७४ पैसा र बिक्रीदर १११ रुपैयाँ १८ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११९ रुपैयाँ ०९ पैसा र बिक्रीदर ११९ रुपैयाँ ५७ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रुपैयाँ ६८ पैसा र बिक्रीदर नौ रुपैयाँ ७२ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ २० पैसा र बिक्रीदर २२ रुपैयाँ २८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ४१ पैसा र बिक्रीदर ४० रुपैयाँ ५७ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ५९ पैसा र बिक्रीदर ४१ रुपैयाँ ७६ पैसा कायम भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई